म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३३४ मंगलबार, ३१ असार २०८२ ने. सं. ११४५ दिल्लागा 15 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नाबालकलाई खैरोहेरोइन बोकाउने युवक पक्राउ

हेटौंडा, ३० असार/नाबालकलाई अबैध लागूऔषध खैरोहेरोइन बोकाउने एक युवकलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ । मकवानपुरको मनहरी गाउँपालिका-३ का ३० वर्षीय भेण्डम भन्ने साजन लामा थिङलाई मकवानपुर प्रहरीले पक्राउ गरेको हो । असार ११ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा उपमहानगरपालिका-१०, बसपार्कबाट २५ ग्राम ८०० मिलिग्राम खैरोहेरोईन सहित १ जना नाबालकलाई नियन्त्रणमा लिएको थियो । प्रहरीले अनुसन्धानको गर्ने क्रममा लागूऔषध भेण्डमको हो भनी नाबालकको बयानबाट खुल्न आएपछि भेण्डमको खोजी कार्य तीव्र बनाएको थियो । ईलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगरपालिका-१९ बस्तीपुरबाट भेण्डमलाई आइतबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले बताए । मकवानपुर जिल्ला अदालतबाट लागूऔषध कसुरमा ७ दिनको म्याद अनुमति लिई थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

### बागमती 'मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८२' लागू

# विपद्बाट ३ लाख नागरिक प्रभावित हुने अनुमान

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ बागमती प्रदेश सरकारले 'मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८२' लागू गरेको छ ।

प्रदेशमा मनसुन भित्रिसकेकाले मन्त्रालयले विपद्बाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै प्रतिकार्य कार्ययोजना लागू गरिएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । गत असार ९ गते बसेको विपद् कार्यकारी परिषद् र विपद् व्यवस्थापन समितिको बैठकले कार्ययोजना पारित गरेको हो । गतवर्ष मनसुनजन्य विपद्बाट बागमती प्रदेशमा मानवीय र भौतिक क्षति उच्च देखिन्छ । जलवायु परिवर्तनको प्रभाव र अस्थिर भूधरातलीय संरचनाका कारण पहिरो, बाढी, डुबान, चट्याङ, र भारी वर्षाका घटना वृद्धि भएको मन्त्रालयको तथ्यांक छ ।

यसवर्ष मनसुनजन्य विपद्बाट बागमती प्रदेशमा ३ लाखभन्दा बढी नागरिक प्रभावित हुनसक्ने अनुमान गरिएको छ । आन्तरिक मामिला तथा योजना मन्त्रालयको मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुसार बागमती प्रदेश मनसुनजन्य विपद्को उच्च



जोखिममा रहेको निष्कर्षसहित ७४ हजार ९१४ घरपरिवारका ३ लाख २७ हजार ३ सय ७६ नागरिक प्रभावित हुने अनुमान गरिएको हो । विशेषगरी चितवन, दोलखा, सिन्धुपाल्चोक र काठमाडौं जिल्ला उच्च जोखिममा रहने आंकलन मन्त्रालयको छ । यसैगरी प्रदेशको रामेछाप, धादिङ, नुवाकोट र ललितपुर जस्ता जिल्लामा मध्यमस्तरको जोखिम रहेको छ ।

मन्त्रालयको तथ्यांक अनुसार २०८१ को मनसुन अवधिमा ४३३ वटा विपद्का घटना भएका छन् । जसमा २७६ जनाले ज्यान गुमाएका छन् भने ४५ जना अझै बेपत्ता छन् । सबैभन्दा बढी क्षति पहिरोका कारण भएको मन्त्रालयको तथ्यांक छ । पहिरोका २४४ घटनामा २३१ जनाको मृत्यु भएको छ भने ४५ बेपत्ता छन् । घटनामा १६६ जना घाइते भएका छन् । पहिरोबाट ५ हजार ३२२ परिवार प्रभावित भएका छन् भने ५ हजार २१९ घरमा क्षति पुगेको छ । बाढीका ८७ घटनामा ३३ जनाको मृत्यु भएको छ भने ९ जना बेपत्ता र ११८ परिवार प्रत्यक्ष प्रभावित भएका छन् । मनसुन अवधिमा भारी वर्षाले ६ जना घाइते हुनुको साथै २ हजार ६५५ परिवारलाई असर गरेको छ ।


चट्याङका कारण ५ जनाको मृत्यु र २९ परिवार प्रभावित भएका छन् । २०८१ को मनसुनजन्य विपद्बाट ३२ वटा पुल, ५२ वटा गोठ र ४४ हजार ५७७ वटा पशुचौपायामा क्षति पुगेको छ । मनसुनजन्य विपद्का कारण २०८१ असार २८ गते भरतपुर-२९ सिमलताल नजिकको खहरेको गेग्रान बहावमा परेर २ वटा यात्रुवाहक बस त्रिशूली नदीमा खसेका थिए भने असोज १० देखि १२ सम्मको भारी वर्षासँगैको बाढी र पहिरोले प्रदेशका अधिकांश भाग प्रभावित भएको थियो ।

यो समयमा प्रदेशभरका ४६ स्थानीय तहलाई 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गरिएको थियो । मनसुनजन्य विपद् न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यका लागि मन्त्रालयले योजना तथा रणनीति निर्माण गरेर अघि बढेको जनाएको छ । मन्त्रालयका विपद् महाशाखा प्रमुख सुरेश खनालका अनुसार विपद् पूर्वतयारी र प्रतिकार्यका लागि मन्त्रालयले निर्माण गरेको कार्ययोजना अनुसार प्रभावकारी बनाउन सरकारी संरचनालाई तयारी अवस्थामा राखिएको छ । मनसुनजन्य विपद् व्यवस्थापनका लागि प्रदेश सरकारले विभिन्न तहका संयन्त्र परिचालनमा गर्नेगरी योजना निर्माण गरेको उनले बताए । प्रदेश मनसुनजन्य विपद् व्यवस्थापन परिषद्ले नीति निर्धारण र सरोकारवालासँग समन्वयको जिम्मेवारी अनुसार काम गरिरहेको उनले बताए ।

विपद् व्यवस्थापन कार्यकारी समितिले राहत तथा उद्दार सामग्रीको व्यवस्थापन, भण्डारण, वितरण तथा अनुगमन गर्ने तथा विपद् कोष सञ्चालन समितिले आवश्यक बजेट व्यवस्थापन गर्ने र कोष परिचालन गर्ने गरी मन्त्रालयले काम गरेको उनको भनाइ छ । विपद् व्यवस्थापनका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई तयारी अवस्थामा राखिएको उनले बताए । उनकाअनुसार खोज तथा उद्दारकार्यका लागि तालिम प्राप्त जनशक्ति, उपकरण र हेलिकप्टर लगायत साधन तयारी अवस्थामा रहेको छ । बाढी र पहिरोको जोखिमको विश्लेषण गरी प्रभावित क्षेत्रको पहिचान गरी सुरक्षा युनिटलाई खटाइएको उनले बताए ।

मन्त्रालयबाट जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहहरुलाई मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पार्न निर्देशन गरिएको उनले बताए । आवश्यक राहत सामग्रीको तयारी, खोज तथा उद्दार टोली परिचालन, क्षतिग्रस्त क्षेत्रमा सूचनाको अद्यावधिक र जनशक्ति परिचालनलाई प्राथमिकता दिइएको उनको भनाइ छ ।






साझाकुरा

## हाम्रो कुरा

# आयुर्वेदमा प्रदेश सरकारको चासो

आयुर्वेद तथा बैकल्पिक चिकित्साका स्वास्थ्यसेवाहरु प्रवाह गर्ने, समुदायस्तरमा जनस्वास्थ्यमूलक कार्यक्रममार्फत् सर्वसाधारणमा स्वास्थ्यसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने र स्वास्थ्यसेवामा आयुर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतिको उच्चतम उपयोगमा प्रोत्साहित गरी यी बिधाको विकास र विस्तारमा टेवा पुऱ्याउने योजना प्रदेश सरकारले लिएको छ । आयुर्वेद तथा बैकल्पिक चिकित्साका निजी तथा सामुदायिक स्वास्थ्य संस्था एवम् गतिविधिको नियमन गर्ने पद्धतिको विकास गर्नु जरुरी छ । आयुर्वेद विज्ञानका अनुभवी चिकित्सकबाट बिरामी परीक्षण, पञ्चकर्म/पूर्वकर्म सेवाहरु, थेरापी सेवा, फिजियोथेरापी सेवा, अकुपञ्चर सेवा, प्याथोलोजी ल्याव सेवा तथा नेपाल सरकारबाट तोकिएका २३ थरी आयुर्वेद औषधि नि:शुल्क बितरण सेवाहरु अबका दिनमा हेटौंडामा उपलब्ध हुने भएको छ । हालका लागि सबै सेवाहरु नि:शुल्क उपलब्ध छन् । ज्येष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धनका लागि र छ महिनाभित्रका सुत्केरी आमालाई लक्षित गरी दुग्धबर्द्धक औषधि बितरण गर्ने बिशेष सेवाहरु नि:शुल्क संचालनरत छन् ।

बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले आयुर्वेदलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताएका छन् । हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको नवनिर्मित साढे २ तले भवनको आइतबार उद्घाटन गर्दै मन्त्री थापाले आयुर्वेद सेवाको विकासको लागि प्रदेशका विभिन्न ठाउँमा भवनहरु बनाउने र सेवालाई व्यवस्थित गर्न प्रदेश सरकारले काम गरि रहेको बताए । ७ वटै प्रदेशमध्ये सबैभन्दा व्यवस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको सेवा बागमती प्रदेशमा रहेको उनको भनाई छ । चितवन र नुवाकोटमा आयुर्वेदको अन्तरंग सेवा भइसकेको जानकारी दिँदै मन्त्री थापाले मकवानपुरमा पनि अन्तरंग सेवा सञ्चालन गर्ने तयारी भइरहेको बताए । उनले आयुर्वेद स्वास्थ्यलाई पनि प्रभावकारी ढंगले सञ्चालनमा ल्याउनका लागि बजेट थप गरिएको बताए । भौतिक संरचना विस्तारै सुविधायुक्त हुँदै जानु र सरकारको लगानी आयुर्वेद उपचारविधिमा बढोत्तरी हुँदै जाँदा नागरिकको आयुर्वेद पद्धतिप्रति विश्वसनीयता बढ्ने उनले बताए । नेपालमा आयुर्वेद औषधिउपचारको लामो इतिहास छ । स्वदेशमै रहेका जडिबुटीलाई आयुर्वेदिक औषधि उत्पादनमा प्रयोग गर्नुपर्नेमा जोड दिइएको छ । मन्त्रालयले अहिलेसम्म १० प्रकारको औषधि उत्पादन केन्द्र स्थापना गरेर औषधिको उत्पादन थालिसकेको छ । थप ११ प्रकारको औषधि उत्पादन केन्द्र स्थापना गर्नको लागि प्रदेश सरकारले बजेटको विनियोजन गरेको छ । असोज महिनासम्म सरकारले नि:शुल्क दिँदै आएको २३ प्रकारको आयुर्वेदिक औषधिमध्ये प्रदेश सरकारले २१ प्रकारको औषधि वितरण गर्ने गरी काम अगाडि बढाउने मन्त्री थापाले बताए । प्रदेश राजधानी हेटौंडालाई स्वास्थ्य क्षेत्रको हब बनाउनु सरकारको प्रमुख उद्देश्य भएको उनको भनाई छ । मन्त्री थापाले पछिल्लो समय एन्टीबायोटिक औषधिको कारण साइडइफेक्ट देखापरेको बताए । देशमै भएका जडिबुटीबाट उत्पादन भएको औषधि सेवनबाट धैरै दीर्घरोगीको स्वास्थ्यमा सुधार आएको छ ।

बागमती प्रदेश सरकारको ७ करोड ५३ लाख ८२ हजार ५ सय १३ रुपैयाँ (मूल्यअभिबृद्धि करसमेत) को लगानीमा निर्माण भएको भवन साढे २ तल्ला रहेको छ । ३० वटा साना गाडी र ५० वटा मोटरसाइकल राख्न सकिने अन्डरग्राउण्ड पार्किङ भएको चिकित्सालयमा कार्यक्रम हलसहित १५ भन्दा बढी सुविधा सम्पन्न कोठाहरु रहेको छ । २०७९ फागुन २८ मा सम्झौता भइ युरिका पिण्डेश्वरी जेभीले २०८१ फागुन ३० मा निर्माण सम्पन्न गरी समितिलाई जिम्मा लगाएको हो । २०२८ सालमा बीरगंजको रानीगंजमा नारायणी अञ्चल आयुर्वेद औषद्यालयको नाममा स्वाथापना भइ २०३८ सालमा मकवानपुरको हेटौंडामा स्थानान्तरण भइ सन्चालनमा आएकोमा २०७८ सालमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुरको रुपमा नाम परिवर्तन भइ सन्चालन भैरहेको थियो । २०८० पुषमा बागमती प्रदेश सरकारको मन्त्रीपरिषद्को निर्णयले १६ शैयाको आयुर्वेद तथा बैकल्पिक चिकित्सालयको रुपमा सन्चालन हुँदै आइरहेको छ । यस चिकित्सालयका ओपीडी सेवा, निशुल्क आयुर्वेद औषधि वितरण, फिजियोथेरापीलगायत मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रममार्फत् सेवा दिइरहेको चिकित्सालयले जानकारी दिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार ३२ गते बुधबार १६ जुलाई २०२५ । षष्ठी, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:१९, सूर्यास्त ६:५९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | तुला | : मानसिक तनाव बढ्नेछ |
| वृष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | वृश्चिक | : मनमा छट्पटि बढ्नेछ |
| मिथुन | : पवित्र कर्ममा मन जानेछ | धनु | : शत्रु पराजय हुनेछ |
| कर्कट | : घरेलु समस्याले सताउने देखिन्छ | मकर | : बुद्धि र पराक्रम बढ्नेछ |
| सिंह | : महत्वपूर्ण भेटघाट हुनेछ | कुम्भ | : नातागोतासूग भेटघाट हुनेछ |
| कन्या | : उपहार हात लाग्नसक्नेछ | मीन | : रोकिएको कामहरु बन्नेछ |

# 'जेक्सोनाइन रुल'को मारमा सुशासन



✍ सागर पण्डित

नेपालको शासन प्रणाली पछिल्लो समय जटिल, अव्यवस्थित र दिशाविहीन बन्दै गइरहेको छ । शासन व्यवस्थाको मेरुदण्ड मानिने कर्मचारी संयन्त्र आज 'जेक्सोनाइन रुल' जस्ता अदृश्य तर गम्भीर हस्तक्षेपका कारण पंगु हुँदै गएको छ । राज्यको प्रशासकीय सञ्चालनमा राजनीति र विवेकहीन निर्देशन हाबी हुँदा देशको निजामती सेवा शिथिल, निष्क्रिय र उत्तरदायित्वहीन बन्न पुगेको छ । यद्यपि सरकारले सिंगो शासकीय व्यवस्थामा सुधार ल्याउन भन्दै प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय शासकीय सुधार आयोग गठन गरेर काम थालेको छ । विगतमा पनि यस्ता धैरै आयोगहरु बने, आयोगले महत्वपूर्ण सुझावहरु पनि दिए । तर अधिकांश आयोगका सुझावहरु रद्दीको टोकरीमा मिल्काउने काम गरियो ।

ती महत्वपूर्ण आयोगका सुझावहरु कार्यान्वयन गर्दै अघि बढ्न सकेको भए आज निजामती सेवा धेरै नै सशक्त हुन सक्थ्यो । मुलुकमा विधि र प्रणालीको जग बसिसकेको हुन्थ्यो, तर ती आयोगका राम्रा सुझावहरु त्यसै थन्क्याइयो, जसका कारण अहिले प्रशासनिक अवस्था अत्यन्तै कमजोर र निम्सरोजस्तै बन्न पुगेको छ । राजनीतिक नेतृत्वको खराब कर्म बढिरहेको र प्रशासनले त्यसलाई सहयोग गर्दै आफैं कमजोर र अक्षम हुन पुग्दा देशमा विकास, सुशासन र समृद्धिको मार्ग अवरुद्ध भएको हो भन्दा अत्युक्ति हुँदैन ।

'जेक्सोनाइन रुल' भन्नाले बुझिने अर्थ स्पष्ट छ- राजनीतिक पहुँच र शक्ति प्रयोगमार्फत प्रशासकलाई आफ्नो स्वार्थमा परिचालित गर्ने पद्धति तथा राजनीतिक चरित्र । अर्थात् निजामती सेवा राजनीतिक नेतृत्वको स्वार्थपूर्तिको गोटी बन्ने अवस्था 'जेक्सोनाइन रुल' हो । जहाँ सरकारमा रहने प्रधानमन्त्री, मन्त्री तथा तिनको सचिवालयमा रहेका स्वकीय सचिवहरुले पनि कर्मचारीहरुमाथि प्रभुत्व जमाउने गर्छन् । कर्मचारी संयन्त्र त्यस्तो गलत कार्यको मुकाबिला गर्न अक्षम हुने गर्छ ।

शासन प्रणालीमा विधि, मर्यादा र जवाफदेहिताको सट्टा 'जसको सर्कल, उसको शासन' भन्ने सोच हाबी हुनु यही रुलको प्रतिबिम्ब हो । यसले कर्मचारीहरुलाई कानुन, सेवा सर्त र आचारसंहिताभन्दा माथि राजनीतिक मालिकको आदेशमा चल्न बाध्य बनाएको छ । निजामती प्रशासनको धर्म स्पष्ट छ- तटस्थता, निष्पक्षता र कार्यक्षमताको भरमा जनसेवा गर्नु । तर, आज तिनै प्रशासनिक नेतृत्वहरू प्रमुख दलका गुटगत समीकरणमा लम्पसार परेका छन् । एकातिर कुनै पनि निर्णय लिनुअघि 'को ठूला नेताको नजिक छ ?' भन्ने प्रश्न हाबी हुन्छ भने अर्कोतिर नीतिगत विवेकभन्दा आदेश र प्रभावको भर पर्नुपर्ने अवस्था आएको छ ।

पछिल्ला वर्षमा सार्वजनिक भएका तीन ठूला प्रकरणले प्रशासनिक नेतृत्वको गिरावटलाई अझ स्पष्टसँग उजागर गरेका छन्- ललितानिवास जग्गा प्रकरण, पतञ्जलि औद्योगिक क्षेत्रसम्बन्धी जग्गा प्रकरण र नक्कली भुटानी शरणार्थी प्रकरण । यी सबैमा नीतिगत निर्णय लिने प्रशासकहरू राजनीतिक दबाबमा नतमस्तक बन्न पुगे वा उनीहरूले स्वेच्छाले सत्तासीन नेताको छाया बनेर अनियमितता कार्यान्वयनमा भूमिका खेले ।

नतिजा-आज भ्रष्टाचार अभियोग खेप्नुपर्नेमा धेरैजसो निजामती सेवाका उच्चपदस्थ अधिकारीहरू छन् । यो परिस्थिति केवल उनीहरूको व्यक्तिगत कमजोरी वा लोभको परिणाम मात्रै होइन, यो प्रणालीगत विफलता हो । जब सत्तामा बस्नेहरूले प्रशासनलाई आफ्नो कार्यकर्ताजस्तै प्रयोग गर्छन्, जब निर्णयको आधार सुशासन होइन, स्वार्थ हुन्छ अनि प्रशासन कठपुतली बन्छ । यसले कर्मचारी संयन्त्रमा डर, अन्योल, दोधार र निष्क्रियता सिर्जना गरिदिएको छ ।

नेपालजस्तो विकासोन्मुख मुलुकका लागि कार्यकुशल र जवाफदेही प्रशासन अपरिहार्य सर्त हो । तर जब नीति निर्माण र कार्यान्वयन दुवै तहमा विवेकको स्थान राजनीतिक दबाबले लिन्छ, तब कर्मचारी संयन्त्रले सुशासनको होइन, स्वार्थको सेवा गर्न थाल्छ । 'जेक्सोनाइन रुल' राम्रो रुल होइन, यो त केवल कानुनको उपहास हो, यो लोकतन्त्रको समेत अपमान हो । यसले राम्रो अफिसरलाई हतोत्साहित गर्छ र गलत काम गर्नेहरूलाई प्रश्रय दिन्छ । यसै कारण, पछिल्लो समय दक्ष, इमानदार र दूरदर्शी कर्मचारीहरू सेवा छाड्ने वा कोषागत ठाउँमा सीमित हुने प्रवृत्ति बढ्दो छ ।

यो 'जेक्सोनाइन रुल' को नाम सुन्दा कानुनजस्तो लाग्छ तर व्यवहारमा यो कानुनभन्दा परको राजनीतिक औजार भएको छ ।अहिले कुनै पनि निजामती कर्मचारीहरु सरकारले गलत नै निर्णय गरे पनि त्यसलाई आलोचना गर्न डराउँछन् । उच्चपदस्थहरुलाई त गलत निर्णयमा सहयोगी नै बनाइने गर्छ । तर पछि गएर अख्तियारको छानबिनमा नेताहरु उम्कने र कर्मचारीहरु मात्रै पर्ने गरेका छन् ।

यो सबैलाई जागजाहेर नै छ । कर्मचारीको बोल्ने स्वतन्त्रता, विश्लेषण गर्ने चेतना र गलत निर्णयको विरोध गर्ने साहसलाई बन्धक बनाइएको छ । कर्मचारीहरू के बोल्ने, के लेख्ने ? के निर्णय दिने ? भन्ने कुरामा अत्यधिक सचेत हुनुको सट्टा कतै सरुवा हुने हो कि ? अनावश्यक कारबाहीमा पर्ने हो कि ? भन्ने त्रासले ग्रस्त छन् । 'जेक्सोनाइन रुल'कै प्रभुत्व बढिरहँदा कर्मचारीले संविधान र कानुनको होइन, मन्त्रीको आदेश पालना गर्ने प्रवृत्तिले गति लिएको छ । मन्त्रालयहरूमा प्रशासनिक निरपेक्षताको सट्टा सत्तानजिक रहने स्पर्धा देखिन्छ । गलत निर्णय, अनियमितता वा भ्रष्टाचारको भित्री तथ्य बाहिर ल्याउने वातावरण समाप्त भएको छ । डर-त्रासकै कारण न सही देखिन्छ, न बोलिन्छ, न लेखिन्छ !

'जेक्सोनाइन रुल' निजामतीको मुटुमा रोपिने विषालु सुई हो । यसले सिंगो मुलुकको विकास, सुशासन र सेवा प्रवाहमा गम्भीर धक्का लागिरहेको छ । त्यसैले अब यस्ता प्रवृत्तिको अन्त्य राजनीतिक नेतृत्वबाटै हुनुपर्छ । अहिले प्रधानमन्त्रीको अध्यक्षतामा गठित उच्चस्तरीय शासकीय सुधार आयोगले यो विषयमा गम्भीर ध्यान पुऱ्याउन जरुरी छ । निजामती क्षेत्रलाई आम जनताको हित र स्वार्थमा पूरै परिचालित गर्ने गरी एउटा व्यवस्थित प्रणालीको विकास गर्नुपर्छ । अब राजनीतिक नेतृत्वले कर्मचारी संयन्त्रलाई एसम्यानको रुपमा लिने होइन, सल्लाहकार र शक्तिशाली संयन्त्रको रुपमा स्थापित गराउनुपर्छ । कर्मचारीलाई सेवा अधिकारका रूपमा हेर्नुपर्छ, दासत्वको नियमका रूपमा होइन । अनि आम कर्मचारीले पनि जनतालाई अपमानित हुने गरी कहियै कुनै पनि खालका कामहरु गर्नहुँदैन । अब निजामती कर्मचारीलाई स्पष्ट सेवा सुरक्षा, कार्य स्वतन्त्रता र नीतिगत सरोकारमा आलोचना वा राय दिन पाउने वैधानिक अधिकार सुनिश्चित गर्नुपर्छ । आम कर्मचारीलाई राजनीतिक आस्था वा चाकडी होइन, सेवा दक्षता, जवाफदेहिता र पारदर्शितालाई मूल्यांकनको प्रमुख आधार बनाइनुपर्छ । यसो गर्न सकिएमा इमानदार र सक्षम कर्मचारी प्रोत्साहित हुनेछन् र सरकारी कामकारबाहीमा प्रभावकारिता आउन सक्छ । प्रशासन संयन्त्रभित्र भ्रष्टाचारविरुद्ध बोल्नेलाई संरक्षण दिनु नितान्त आवश्यक छ । यसले प्रशासनभित्रैबाट सुशासनको ऊर्जा प्रवाहित गर्न मद्दत पुऱ्याउँछ ।

जबसम्म कर्मचारीको मनभित्र डर हुन्छ, जनताप्रतिको समर्पण सम्भव छैन । जबसम्म उनीहरूको स्वतन्त्रताको घाँटी 'जेक्सोनाइन रुल'ले थिचिएको हुन्छ, तबसम्म सुशासनको सपना अधुरो रहन्छ । उनीहरुले देश र जनताको लागि भन्दा पनि सधैं माथिल्लो तहका राजनीतिक नेतृत्वलाई कसरी रिझाएर अघि बढ्न सकिन्छ भन्नेमा नै दिमाग खियाउन थाल्छन् । सेवा प्रवाह र जनताको काम पूरै बिर्सन थाल्छन् ।

अब प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरीय शासकीय सुधार आयोग र मुख्य सचिवको संयोजकत्वमा रहेको शासकीय सुधार आयोग कार्यान्वयन समितिले भ्रष्टाचार नियन्त्रणको दिशामा अग्रगामी छलाङ हान्न सक्नुपर्छ । प्रधानमन्त्रीले सोही आयोगमार्फत निजामती सेवा आफ्नो नियन्त्रणमा राख्ने होइन, पूर्ण स्वतन्त्र छोडेर जनताको सेवामा समर्पित बनाउने खालका योजनाहरु अघि सार्नुपर्छ र त्यसलाई तत्काल कार्यान्वयन गराउनुपर्छ । अब समय आएको छ-एक निर्भिक, निडर र नीतिगत विवेक भएका निजामती सेवकहरूको नयाँ पुस्ता निर्माण गर्न सक्नुपर्छ । सुशासन भाषण होइन, व्यवहार हो । त्यसको पहिलो सर्त हो- स्वतन्त्र, सुरक्षित र निडर प्रशासन ।

अब निजामती प्रशासन साँच्चै नै जाग्ने बेला आएको छ । यसरी नै सधैँ राजनीतिक नेतृत्वको स्वार्थपूर्तिको साधन बन्ने र ललितानिवास, नक्कली भुटानी शरणार्थी, पतञ्जलि जग्गा प्रकरणमा जस्तै कारबाही भोगिरहने अवस्था आएमा त्यसले सिंगो निजामती क्षेत्रलाई अझै बढी बदनाम बनाउँछ र जनताको दृष्टिमा बदमास र भ्रष्ट ठहरिन्छ । त्यसैले अब आम निजामती कर्मचारीहरुले मन्त्रीहरुको निर्देशनमा नक्कली र जाली तमसुकमा सही गरेर आफ्नो भविष्यलाई अन्धकार पार्न किमार्थ पनि हुँदैन । तपाईंहरुलाई बचाउन अन्तिममा कोही पनि आउँदैन । नेताहरु उम्कने तर कर्मचारीहरु मात्रै जेल बस्ने अवस्था आउन दिनुहुँदैन । हेरौं त नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य डिजाइनर तत्कालीन गृहमन्त्री अनेक प्रपञ्च गरेर उम्कन सफल भए तर तत्कालीन गृहसचिव अहिलेसम्म जेलमा नै बस्न बाध्य छन् ।

नेताहरु अनेक तिकडम गरेर उम्कने गर्छन् तर फस्ने त कर्मचारीहरु मात्रै हुन् । त्यसैले कर्मचारीहरुले पनि सातपटक सोचेर निर्णय लिनुपर्ने बेला आइसकेको छ । अब प्रशासनिक नेतृत्वकै सक्रियतामा निजामती सेवाको स्वायत्तता र पेसागत मर्यादालाई संविधानको संरक्षणअनुसार व्यवहारमा उतार्नुपर्छ । प्रशासकहरूको सरुवा, पदोन्नति र जिम्मेवारी तोक्दा पारदर्शिता, कार्यक्षमता र इमानदारीलाई आधार बनाइनुपर्छ । 'राजनीतिक कार्यकर्ता बनाऊ' भन्ने मानसिकताले होइन, 'जनसेवक बनाऊ' भन्ने सोचले कर्मचारी व्यवस्था चल्नुपर्छ । कानुनको पालना नगर्ने राजनीतिक नेतृत्व स्वयं पनि कारबाहीको दायरामा ल्याउने वातावरण प्रशासनले पनि खेल्न सक्नुपर्छ ।

देशमा सुशासन स्थापना गर्ने चाहना केवल नारामा सीमित छैन भन्ने देखाउन राजनीतिक नेतृत्वले आफैं बाटो तय गर्नुपर्छ । राजनीतिक नेतृत्व आफू सच्चिएर कर्मचारी संयन्त्र सुधार गर्न विभिन्न महत्वपूर्ण योजनाहरु ल्याउनुपर्छ । प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरी शासकीय सुधार आयोगले यो विषयलाई पहिलो प्राथमिकतामा राखेर आवश्यक उपायको खोजी गर्न सक्नुपर्छ ।

प्रशासकहरू निष्पक्ष हुन सकेमा मात्र राज्य निष्पक्ष बन्छ । निष्पक्ष भूमिका निर्वाह गर्नु हरेक राष्ट्रसेवक कर्मचारीको कर्तव्य पनि हो । 'जेक्सोनाइन रुल'को छायाबाट मुक्त भई यदि कर्मचारी संयन्त्र आफ्नै खुट्टामा उभिन सक्यो भने मात्र नेपालले सुशासनको यात्रा तय गर्न सक्छ । सेवा प्रवाह प्रभावकारी हुन सक्छ र मुलुकको विकास र समृद्धिले सही मार्ग पक्रन सक्छ, नत्र त प्रशासन पनि विघटनतर्फ जान सक्छ र देश पनि गम्भीर संकटको भुमरीमा फस्न सक्छ । गम्भीर बनौं ।

*(साभार: न्यूज अफ नेपाल)*

# विद्याको इन्ट्रीले किन दुख्यो देउवाको मुटु ?

✍ कृष्ण गिरी

देउवा र प्रचण्डको हुँदाखाँदाको लालजोडी अचानक टुटेपछि समयले अर्को लालजोडी जुटाइदियो- उनै देउवा र ओलीको । अहिले यो लालजोडी खुब जुटेको छ, सत्ता, सत्ता अनि सत्ताका लागि । खुब प्यार छ, सत्ताका लागि । खुब डर छ, सत्ता यताउता होला कि भन्ने । कहिलेकाहीं बाहिरफेर पात हल्लिन्छ, लालजोडी स्पष्टीकरण दिन्छन्, अहँ सत्ता केही हुन्न । केही हुनेवाला छैन । हल्लिनेवाला छैन । दायाँबाट बायाँ सुम्पिएको सत्ता समय आएपछि बायाँबाट दायाँ सर्छ । बस्, हुने यत्ति हो । कतिसम्म भने लालजोडीका एक सदस्यको पार्टी अध्यक्ष पद गुम्ने हो कि भन्ने पीर-चिन्ताले अर्का सदस्यको मुटु खान्छ । रातभर निद्रा लाग्दैन । त्यस्तो किन भयो होला ? कुरा 'ओपन सेक्रेट' जस्तै छ ।

खासमा विद्या भण्डारीले पूर्वराष्ट्रपतिको सेवा, सुविधा त्यागेर राष्ट्र र जनताका लागि सारा जीवन समर्पण गर्ने उद्घोष गरेर आफ्नो पूर्व पार्टी नेकपा एमालेको राजनीतिमा फर्किएको घोषणा गरेपछि बालुवाटारमा भन्दा ठूलो भुइँचालो बूढानीलकण्ठमा गएको रहेछ । त्यो भुइँचालोको धक्का सानेपासम्म कति पुगेको छ ? समयले बताउने छ । कांग्रेस सभापति शेरबहादुर देउवाले विद्यालाई राजनीतिमा आउन नदिन एमाले अध्यक्ष केपी ओलीसँग साउती मारेको घटनाले नै राजनीतिमा विद्याको इन्ट्रीले देउवा कति छटपटीमा रहेछन् भन्ने छर्लङ्ग भएको छ । देउवाको अघिल्तिर किस्तीमा सजिएको एउटा मगमग बासनादार लड्डु छ, सत्ता नामको । त्यसलाई ग्रहण गर्न उनी व्यग्र प्रतीक्षारत छन् । त्यसका लागि समय लाग्नेवाला छ । तर उनलाई डर छ, कतै त्यो समय नआउने पो हो कि ? वा समयको हुरीले त्यसलाई तासको घर बनाइदिने हो कि ! धैरै सुन्ने, थोरै बोल्ने गुण भएका उनले रामैसँग बुझेका छन्, त्यसका लागि उनका परम मित्र लालजोडी बलियो भइराख्नुपर्छ । परम मित्र लालजोडीका लागि योभन्दा बढी शुभ के चिताउनु ? जस्तो उनका परम मित्रको पनि सदिच्छा छ । अर्थात्, मनमुटु मिलेको छ । यता च्वास्स हुँदा उता दुख्छ, उता छिस्रिक्क भए यता ! वाह् लालजोडी होस् त यस्तो !

उत्तर र दक्षिण दुईतिर मुख फर्किएका राजनीतिक प्राणीको यस्तो मधुर मिलनलाई संसारकै आठौं आश्चर्य मानेर रमाइलो हेर्न बाहेक जनता-जनार्दनले के गर्न सक्नु र ! थाहा छैन, यो लगनगाँठो कतिन्जेलका लागि हो ।

स्पेन पुगेका प्रधानमन्त्री एवम् एमाले अध्यक्ष ओलीसँग युरोपस्थित नेपाली समुदायका प्रतिनिधिहरूसँग राख्नका लागि धेरै विषय हुनसक्थे । स्पेन जाने बेला विद्याको भाषण समेत सुन्न रुचि नराखेका ओलीले त्यहाँ पुगेपछि विद्याको इन्ट्रीबारे स्पष्टीकरण दिन कति जरूरी थियो ? तर ओलीले बोले, 'पछिल्लो समय मेरा विरुद्ध विद्या भण्डारी-विद्या भण्डारी भन्ने चर्चा चलाइएको छ । उहाँले आफैं केही भन्नुभएको छैन, अरूले उहाँको नाम अगाडि सारेका छन् ।' (अनलाइनखबर डटकम, २० असार) तर कुरा छ्याङ्ग थियो । अब ओलीको अर्को बोली सुन्न पाइने छ, किनकि विद्याले स्पष्टै बोलिसकिन्, होह अध्यक्ष बन्नकै लागि एमालेको राजनीतिमा आएकी हुँ ।

केपी ओलीलाई स्पष्ट थाहा छ, विद्या भण्डारी हिजो एमालेभित्रका 'दश भाइ' जस्तै या कुनै एघारौं भाइ होइनन् । न त भीम रावल जस्तै, न त विन्दा पाण्डे जस्तै । विद्या विद्या नै हुन् । 'म क्लास दोहोऱ्याउँदिनँ' भन्ने ओलीका लागि बालुवाटार र बालकोटको चिसो हावामा डकार्दै छाती पिटी-पिटी रुवावासी गर्नेहरूका चित्त बुझाउन मदन भण्डारीको लिगेसी बोकेकी विद्या, पूर्वराष्ट्रपतिको सेवा-सुविधा त्यागेर देश र जनताको सेवाको लागि मैदानमा आएकी विद्यालाई साइड लगाउन सजिलो छैन । ओलीसँग एउटै विकल्प छ, देश र कम्युनिष्ट पार्टीको सुन्दर भविष्यका लागि विद्यालाई नेतृत्व सुम्पने, सम्मानजनक बिदाइ लिने । पार्टीको एउटा अभिभावक भएर बस्ने ।

एकातर्फ परिस्थिति यो ढंगले विकास भइरहेको छ । अर्कोतर्फ विद्याको इन्ट्रीले फस्किएका देउवा उनलाई बारबन्देज लगाउन ओलीलाई गुहारिरहेका छन् । आफैं राजनीतिबाट बिदा लिएर घरमा आराम लिनुपर्ने अवस्थाका देउवाको यो चाहना पूरा गरिदिन एमाले अध्यक्ष केपी ओलीको पार्टीमा एकछत्र पकड हुनुपर्छ, जुन विद्याको इन्ट्री भइसकेको अवस्थामा अब आएर सम्भव देखिंदैन । र, राजनीतिका चतुर खेलाडी ओलीले पार्टीको सक्रिय राजनीतिबाट बिदा लिने बेला देउवाको इच्छा पूरा गर्नकै लागि त्यस्तो दुस्साहस पनि नगर्लान् । आखिर ओलीभित्र पार्टीप्रतिको अगाध स्नेह छ, जसको कारण अबको अध्यक्षका लागि निर्विकल्प मानिएकी विद्यालाई स्वयम् उनैले प्रस्ताव गरेर अगाडि बढ्नेछन् ।

ठिक छ, राजनीतिमा इमानदारी हुनुपर्छ । एमालेले सहमति गरेको छ, उसले देउवालाई चुनावी सरकारको प्रधानमन्त्री बनाउँदा राजनीतिक इमानदारीको सन्देश पनि जान्छ । तर के २०८४ को चुनावमा सत्ता सहकार्य गरेकै आधारमा कांग्रेस-एमाले बीच चुनावी तालमेल सम्भव छ ? आठौं आश्चर्यको भाग-२ मञ्चन हुन सम्भव छैन । दुई ध्रुवतिर फर्किएका दुई मुख्य राजनीतिक शक्ति सत्ता सहकार्य गरेकै अवस्थामा चुनावमा जाँदा परिणाम के होला यो भोलि देखिने कुरा हो । तर एउटा कुरा के चाहिं पक्का छ भने यसले यस्तो असन्तोष पैदा गराउने छ, नेपालमा राजनीतिक ध्रुवीकरणको शुरुआत यही बिन्दुबाट हुनेछ । राजनीतिक कोर्स करेक्सनका लागि यो राम्रै हुनेछ । एउटा नेताले कति समय पार्टीको नेतृत्व गर्दा वा कति पटक प्रधानमन्त्री बन्दा देश समृद्ध बन्छ ? अहिले सारा जनताको मन पोलेको प्रश्न हो यो । तर जवाफ छैन । बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गरे पनि नेपालका कम्युनिष्ट पार्टीभित्र 'जनवादी केन्द्रीयता'को नाममा आन्तरिक प्रतिस्पर्धालाई नेतृत्वले नचाहँदा प्रतिबन्ध जस्तै छ । कसैले शिर उठाए नेतृत्वले उसको दशकौं लामो त्याग, तपस्या र राजनीतिक जीवन अनुशासनको नाममा किनारा लगाउन कुनै आइतबार कुर्नुपर्दैन । त्यसैले अब हाम्रो बेला भयो भनेर कोही पनि आँ...सम्म गर्न सक्ने अवस्था छैन ।

जननेता मदन भण्डारीले प्रतिपादन गरेको नेकपा एमालेको मार्गनिर्देशक सिद्धान्त 'जनताको बहुदलीय जनवाद'ले कल्पना समेत नगरेको विषय हो यो । सहमतिको नाममा जबर्जस्ती निर्णय थोपर्ने र सास नजाउन्जेल पद नछोड्ने प्रवृत्तिले देश, जनता र स्वयम् दलको पनि भलो गर्दैन । यो मामलामा आफूलाई अग्रगामी मान्ने कम्युनिष्टहरूले भन्ने गरेका 'बुर्जुवा' भन्दा उनीहरू नै बढी लोभी देखिएका छन् । यस्तो अवस्थामा मुख्य भनिएका राजनीतिक दलको नेतृत्वका लागि एउटा तेज बोकेको ओजस्वी व्यक्ति, एउटा नायकको जन्म हुनु अपरिहार्य छ । जसले विशेषगरी नेपालका कम्युनिष्ट पार्टीहरूको ओरालो यात्रालाई रोक्न सकोस्, उकालोतिर गियर बढाउन सकोस् ।

विद्या भण्डारी पुन: सक्रिय राजनीतिमा इन्ट्री हुँदै गर्दा देश र जनताको हित नै आफ्नो ध्येय र लक्ष्य भएको स्पष्ट पारेकी छिन् । मदनका सपनालाई सबैभन्दा नजिकबाट सँगालेकी र सात वर्ष राष्ट्रपति हुँदा देश दु:खेको हेरेकी विद्याले सानो सपना, हिम्मत र साहसका साथ यो निर्णय लिएकी पक्कै होइनन् भन्ने विश्लेषण गर्न सकिन्छ । यो हिम्मत र सपनालाई नेकपा एमालेको उच्च नेतृत्वले रातो कार्पेट ओछ्याएर स्वागत गर्नुपर्छ । कार्यकर्तामा सञ्चारण भएको उत्साहमा थप उत्साह थप्नुपर्छ र पार्टीलाई एकढिक्का र अझै बलियो बनाएर लैजान सके मात्र जनताका सपना पूरा गर्न सम्भव हुन्छ । संसदीय व्यवस्थामा जनताको मन र मत जितेर मात्र सत्ताको तालाचाबी हातमा पाइन्छ । जहाँ जनतालाई सधैं रुमानी सपना देखाउने मात्र होइन साँच्चिकै समतामूलक समाज निर्माण गर्न सकियोस् ।

विडम्बना, भावी नेतृत्वको बहस चलिरहँदा नेकपा एमालेका केही व्यक्ति प्रधानमन्त्री ओलीलाई घेराबन्दी गरेर छाती पिटी-पिटी रुन थालेका छन् । रुवावासीको आवाज बाहिरसम्मै आएको छ । कतिपय बुज्रुकहरू नेतृत्वमा विद्याको आकांक्षाले पार्टी नै विभाजन हुनसक्ने भन्दै प्रोपोगाण्डा फैलाउन उद्यत भइरहेका छन् । खाइपाइ आएको सेवा-सुविधा गुम्ने, ओलीको नाममा गर्न पाइने गुटबन्दी र रजगजबाट हात धुनुपर्ने संशयले त्यस्ता बुज्रुकहरूको नीद हराम भएको उनीहरूका तल्लो स्तरका अराजनीतिक आरोपले पुष्टि गर्छ । ओलीलाई पनि आफ्ना 'गणेशहरू'प्रति अधिक प्रेम छ । एमालेमा ओलीले विश्राम लिए हुन्थ्यो भन्नेमा धेरैको मतैक्यता छ । जनमतले पनि नयाँ र आशालाग्दो नेतृत्व चाहेको छ । तर एमालेमा अहिले कोही त्यस्तो बहादुर नेता छैन जसले भन्न सकुन्, 'अब हामी नेतृत्व गर्छौं, तपाईं हाम्रो अभिभावक भएर बस्नुपऱ्यो ।' यस्तो परिस्थितिमा विद्या भण्डारीको इन्ट्री आफैंमा अर्को पुस्ताका लागि सुखद् सन्देश हो, नेतृत्व हस्तान्तरणको अवसर हो । यसलाई व्यवस्थापन गरेर लैजानसके राजनीतिक नेतृत्वमा जनताले अहिले महसुस गरेको ग्याप पुर्ने अवसर पनि छ । त्यसका लागि विद्या भण्डारीसँग यो देश कस्तो बनाउने, आफ्नो पार्टी एमाले कस्तो बनाउने, वामपन्थी आन्दोलनलाई कसरी सम्हालेर लैजाने भन्ने सुस्पष्ट दृष्टिकोण र लक्ष्य हुनैपर्छ ।

*(साभार: अनलाइनखबर)*

# यस्तो छ एनपीएलमा रिटेन गरिएका खेलाडीहरूको प्रदर्शन

काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो संस्करण आउँदो नोभेम्बरमा हुने तय छ । कुनै प्राविधिक समस्या नआए २०२५ को नोभेम्बर-डिसेम्बरमा एनपीएलको दोस्रो संस्करण आयोजना हुनेछ । त्यसअघि टिमहरूले गर्नुपर्ने खेलाडी रिटेन्सनको प्रक्रिया पनि पूरा भइसकेको छ । तोकिएको प्रावधान अनुसार सबै ८ टोलीले रिटेन गरिएका खेलाडीको सूची सार्वजनिक गरिसकेका छन् ।



खेलाडी रिटेन र रिलिजको प्रक्रिया सकिएसँगै आउँदो अगस्टमा मिनी अक्सन पनि गर्ने तय छ । त्यसका लागि क्यानले खेलाडी दर्ता प्रक्रिया पनि खुला गरिसकेको छ । आज हामी सबै ८ टोलीले रिटेन गरेका खेलाडीहरू र तिनले अघिल्लो सिजन गरेका प्रदर्शनबारे चर्चा गर्नेछौं । सुरुवात साविक विजेता जनकपुर बोल्ट्सबाटै गरौं ।

### जनकपुर बोल्ट्स

एनपीएलको साविक विजेता जनकपुरले मार्की आसिफ र कप्तान अनिल साहसहित ६ खेलाडी रिटेन गरेको छ । यीबाहेक शुभ कंसाकार, किशोर महतो, ललित राजवंशी, तुलबहादुर थापामगर र रुपेश सिंह रिटेन भएका छन् । जनकपुरका लागि मार्की खेलाडीको आसिफको प्रदर्शन औसत रह्यो । आसिफले १० खेलमा १६२ रन बनाए । उनको उच्च स्कोर ३६ थियो । त्यस्तै उनले चार क्याच पनि लिए ।

प्लेअफअघिसम्म ७ खेलमा कप्तानी गरेका अनिल साहले १३२ रन बनाए । उनले पहिलो क्वालिफायर, दोस्रो क्वालिफायर र फाइनल खेल हातको चोटका कारण गुमाएका थिए । त्यस्तै अनिलले ७ खेलमा प्रतियोगिताकै सर्वाधिक १२ क्याच लिए । प्रतियोगिताकै संयुक्त सर्वाधिक विकेट टेकर ललित राजवंशीले १० खेलमा १७ विकेट लिए । उनको नाममा ३ क्याच पनि रह्रुयो । शुभ कंसाकारले १० खेलमा ७१ रन बनाए । ३ खेल मात्र खेल्ने मौका पाएका तुलबहादुर थापाले १ क्याच मात्र लिए । उनलाई सरप्राइज रिटेन्सनका रूपमा हेरिएको छ । चोटका कारण पहिलो सिजन गुमाएका रुपेश सिंह पनि रिटेन भएका छन् ।

### सुदूरपश्चिम रोयल्स

पहिलो संस्करणको उपविजेता टोली सुदूरपश्चिमले मार्की तथा कप्तान दिपेन्द्रसिंह ऐरीसहित विनोद भण्डारी, आरिफ शेख, अविनाश बोहरा, इशान पाण्डे र नरेन साउद रिटेन भएका छन् । सुदूरपश्चिमका मार्की तथा कप्तान दिपेन्द्रले ९ खेलमा २२७ रन बनाए । उनको उच्च स्कोर ५७ नटआउट थियो । यस्तै उनले बलिङमा ९ विकेट लिँदा ३ क्याच पनि लिए । ओपनर तथा विकेटकिपर विनोद भण्डारीले ५८८ को उच्च स्कोर सहित ९ खेलमा २३५ रन बनाए । आरिफ शेखले ९ खेलमा ४२ को उच्च स्कोरसहित कुल ६९ रन बनाए भने २ क्याच लिए । इशान पाण्डेले ९ खेलमा १२८ रन बनाए । यस्तै ४ विकेट पनि लिएका इशानले ६ क्याच पूरा गरे । अविनाश बोहराले ९ खेलमा ७ विकेट लिँदा ८ खेल खेलेका नरेन साउदले एकै खेलमा ५ विकेटसहित कुल ६ विकेट लिए ।

### कर्णाली याक्स

पहिलो सिजनको एनपीएलमा दोस्रो क्वालिफायरसम्म पुगेर तेस्रो स्थान हासिल गरेको कर्णालीले मार्की सोमपाल कामी सहित गुल्शन झा, नन्दन यादव, अर्जुन घर्ती, दिपेन्द्र रावत, बिपिन प्रसाद शर्मा र युनिशविक्रमसिंह ठकुरीलाई रिटेन गरेको छ । सोमपालले पहिलो सिजनमा ९ खेलमा ९ विकेट लिए भने ब्याटिङबाट ५२ रन बनाउँदा २ क्याच पनि लिएका थिए । अलराउण्डर गुल्शन झाले ९ खेलमा १३२ रन बनाउँदा बलिङमा १ विकेट मात्र लिए । उनले ६ क्याच पूरा गरेका थिए ।

यस्तै नन्दन यादवले पनि ९ खेलमा ९ विकेट लिए । उनले ३ क्याच लिए । अर्जुन घर्तीले ९ खेलमा ७९ रन बनाए । दिपेन्द्र रावतले टिमका लागि मौका पाएनन् । तर उनले पीएम कपमा गरेको प्रदर्शनका आधारमा उनलाई रिटेन गरिएको बुझ्न सकिन्छ । यस्तै ट्यालेन्ट हन्टबाट आएका खेलाडी बिपिन प्रसाद शर्माले कर्णालीका लागि सर्वाधिक विकेट लिए । उनले ९ खेलमा १३ विकेट लिए । युनिशविक्रमसिंह ठकुरीले ५ खेल खेल्दा २ विकेट लिए ।

### चितवन राइनोज

पहिलो संस्करणको एलिमिनेटरमा कर्णाली याक्ससँग पराजित भएर चौथो भएको चितवन राइनोजले मार्की खेलाडी तथा कप्तान रहेका कुशल मल्लसहित रिजन ढकाल, कमलसिंह ऐरी, दीपक बोहरा, अमरसिंह राउटेला र गौतम केसीलाई दोस्रो संस्करणका लागि रिटेन गरेको छ । कुशल मल्लले पहिलो सिजनमा १ अर्धशतक (७२) सहित १८४ रन बनाए । त्यस्तै उनले ९ विकेट पनि लिए भने २ क्याच पनि पूरा गरे ।

रिजन ढकालले ८ खेलमा १३ विकेट लिए भने ३ क्याच पनि लिए । कमलसिंह ऐरीले भने चोटका कारण पहिलो संस्करण खेलेनन् । त्यसका बाबजुद उनको अनुभवको आधारमा रिटेन गरिएको हो । दीपक बोहराले ६ खेलमा १९ रन बनाए । अमरसिंह राउटेलाले ८ खेलमा ८५ रन बनाए भने ४ विकेट पनि लिए । यस्तै १ क्याच लिए । गौतम केसीले मौका नपाएपनि उनको पेस बलिङ क्षमताका आधारमा उनलाई रिटेन गरिएको बुझ्न सकिन्छ ।

### काठमाडौं गोर्खाज

पहिलो संस्करण पाँचौं स्थानमा रहेर टुंग्याएको काठमाडौंले मार्की तथा कप्तान करण केसीसहित भीम सार्की, दिपेश कँडेल, शाहब आलम, प्रतिक श्रेष्ठ र राशिद खानलाई रिटेन गरेको छ । करण केसीले पहिलो संस्करणमा ७ खेलमा १२ विकेट लिएका थिए । ब्याटिङबाट ५१ रन पनि बनाए । भीम सार्कीले ७ खेलमा ७८ रन बनाए । उनले ३ क्याच पनि लिए । दिपेश कँडेलले ६ खेलमा ७ विकेट लिएका थिए भने शाहब आलमले ७ खेलमा ६ विकेट लिए । प्रतिक श्रेष्ठले ५ खेलमा ७३ रन बनाए । राशिद खानले ७ खेलमा ६ विकेट लिए ।

### विराटनगर किङ्स

विराटनगर ७ खेलमा २ जित मात्र निकालेर पहिलो सिजन छैटौं स्थानमा रहेर प्रतियोगिता सकाएको टोली हो । स्टार लेगस्पीनर सन्दीप लामिछानेसहित समग्रमा विराटनगरका नेपाली खेलाडीहरू खासै चल्न सकेनन् । विराटनगरले सन्दीप लामिछानेसहित लोकेश बम, प्रतिश जिसी, बसिर अहमद, नरेन भट्ट र सुवास भण्डारीलाई रिटेन गरेको छ ।

पहिलो सिजनमा मार्की तथा कप्तान सन्दीपकै प्रदर्शन फितलो थियो । उनले ७ खेलमा ६ विकेट मात्रै लिए । प्रतिश जिसीले टोलीका लागि सर्वाधिक ९ विकेट लिएका थिए । ब्याटिङमा लोकेश बमले ७ खेलमा १३१ रन बनाए । बसिर अहमदले ७ खेलमा ६ विकेट लिनुका साथै ब्याटबाट १८१ रन पनि बनाए, ४ क्याच लिए । उनी नै टोलीका लागि राम्रो अलराउण्डरको रूपमा रहे । नरेन भट्टले २ खेलमा ११ रन मात्र बनाउन सके । सुवास भण्डारीले ३ खेलमा १ विकेट लिए ।

### पोखरा एभेन्जर्स

पोखरा एभेन्जर्सका लागि पनि पहिलो सिजन बिर्सनलायक र ह्रयो । विराटनगरजस्तै पोखराले पनि पहिलो सिजनमा २ जित मात्र निकालेको थियो । पोखराले मार्की कुशल भुर्तेलसहित ७ खेलाडी रिटेन गरेको छ जसमा दिनेश खरेल, बिपिन खत्री, सागर ढकाल, किरण ठगुन्ना, आकाश चन्द र तृतराज दास छन् । पहिलो सिजन भुर्तेलको ब्याट चल्न सकेको थिएन । उनले ७ खेलमा केवल ५४ रन बनाएका थिए । बलिङमा ५ विकेट लिए । राष्ट्रिय टोलीबाट पछिल्लो समय लय देखाइरहेका भुर्तेल क्षमताकै आधारमा रिटेन गरिएका हुन् ।

त्यस्तै व्यक्तिगत रूपमा दिनेश खरेलको प्रदर्शन भने राम्रो रह्यो । उनले ७ खेलमा १ अर्धशतकसहित १६१ रन बनाए । बलिङमा भने १ विकेट लिएका थिए । बिपिन खत्रीको बलिङ राम्रो रह्यो । उनले ७ खेलमा ९ विकेट लिए । सागर ढकालले ७ खेलमा ५ विकेट लिए । किरण ठगुन्नाले ३ खेलमा मात्र मौका पाउँदा ३३ रन बनाए । तृतराज दासले १ खेलमा मौका पाएपनि ब्याटिङ/बलिङ दुवै पाएनन् ।

### लुम्बिनी लायन्स

राष्ट्रिय टोलीका समेत कप्तान रहेका मार्की रोहित पौडेलको नेतृत्वमा लुम्बिनी लायन्स भने सबैभन्दा खराब प्रदर्शन गर्ने टोली बन्यो । लुम्बिनी ७ खेलमा १ जित मात्र निकालेर पुछारमा रह्यो । लुम्बिनीले रोहितसँगै सन्दीप जोरा, विवेक यादव, तिलकराज भण्डारी, अभिशेष गौतम र दिनेश अधिकारीलाई रिटेन गरेको छ ।

अघिल्लो सिजन कप्तान रोहितबाहेक सबैको प्रदर्शन कमजोर रह्यो । रोहितले ७ खेलमा २ अर्धशतकसहित २७९ रन बनाएका थिए । बलिङमा पनि उनले ८ विकेट लिए । ३ क्याच पनि लिए । सन्दीप जोराले ७ खेलमा १२० रन बनाए भने १ विकेट पनि लिए । विवेक यादवले ६ खेलमा १०० रन बनाउनुका साथै ३ विकेट पनि लिए । तिलकराज भण्डारीले १ खेल मात्र खेल्दा २ विकेट लिए । अभिशेष गौतमले ४ खेलमा ६ विकेट लिए । दिनेश अधिकारीले २ खेलमा १४ रन मात्र बनाएका छन् ।

रिटेन गरिएका खेलाडीहरू राष्ट्रिय टोलीको पनि सदस्य र हिसकेका छन् । केही खेलाडीहरूले भर्खरै सम्पन्न स्कटल्याण्ड टी-२० आई शृंखलामा पनि खेले । तीमध्ये केहीले राम्रो त केहीले औसत प्रदर्शन गरेका छन् । त्यस्तै पहिलो संस्करणको एनपीएलपछि भएका पीएम कपलगायत अन्य घरेलु क्रिकेट प्रतियोगितामा गरेका प्रदर्शनका आधारमा पनि खेलाडीहरू रिटेन भएका छन् ।

अब अगस्टमा हुने मिनी अक्सनपछि कुन टिम कस्तो बन्छ र रिटेन गरिएका खेलाडीहरूमध्ये कतिले मौका पाएर कस्तो प्रदर्शन गर्छन् त्यो भने हेर्न बाँकी नै छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'माग्ने राजा'बारे वर्षा भन्छिन्, 'अहिलेको वर्तमान अवस्थाको चित्रण छ'

काठमाडौं/'परदेशी २' र 'छक्का पन्जा ५'को सफलतापछि करिअरको उत्कर्षमा रहेकी अभिनेत्री वर्षा सिवाकोटीलाई यतिबेला भ्याइनभ्याइ छ । बैशाखयता एकपछि अर्को फिल्म सम्झौता गरिरहेकी उनले यस वर्ष चारवटा फिल्ममा काम गर्दैछिन् । यस्तैमा उनी अभिनीत नयाँ फिल्म 'माग्ने राजा' भदौ ६ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ । यस वर्ष प्रदर्शन हुन लागेको उनको यो पहिलो फिल्म हो ।



यो फिल्ममा वर्षा शिक्षिकाको भूमिकामा रहेको टिजरबाट बुझ्न सकिन्छ । यसमा उनको जोडी कलाकार केदार घिमिरे (माग्ने बुढा)सँग बाँधिएको छ । यसअघि उनीहरूले 'छक्का पन्जा ५'मा सहकार्य गरेका थिए । वर्षा 'माग्ने राजा'मा आफू आबद्ध हुनुको एउटा मुख्य कारण केदारलाई मान्छिन् । उनको अभिनय रहने थाहा पाएपछि वर्षाले फिल्ममा काम गर्ने सहमति जनाएकी थिइन् ।

उनी भन्छिन्, 'फिल्मबाट प्रस्ताव आउनासाथ मैले काम गर्ने सहमति जनाएकी थिएँ । किनकि, मलाई राम्रो टिमसँग काम गर्ने लोभ थियो । केदार दाईसँग मैले यसअघि 'छक्का पन्जा ५'मा सहकार्य गरिसकेकाले पनि म काम गर्न राजी भएँ । फिल्ममा मेरो चरित्रले पनि मलाई लोभ्याएको थियो ।' फिल्ममा केदार पहिलो पटक शीर्ष भूमिकामा देखिएकाले आफू उत्साहित रहेको उनी बताउँछिन् ।

यसअघिका फिल्ममा आफूले गरेका पात्रभन्दा 'माग्ने राजा'मा फरक रहेको उनको भनाइ छ । भन्छिन्, 'यसको कथा नै फरक छ । फिल्ममा मेरो जुन चरित्र छ, त्यो निर्देशकले 'न्यारेट' गर्दा म त्यस्तो देखिन्छु या देखिन्नँ भन्ने लागेको थियो । तर, उहाँहरूको सोचाइ अनुसार नै मैले काम गरेकी छु ।' निर्माण टिमको योजना अनुरूप नै 'माग्ने राजा' बनेकाले फिल्म सफल हुनेमा उनी निश्चिन्त छिन् ।

वर्षालाई फिल्मको कथामा दर्शकले आफूलाई 'रिलेट' गर्न सक्छन् भन्ने विश्वास छ । 'फिल्मले अहिलेको वर्तमान अवस्थालाई चित्रण गरेको छ । हाम्रो समाजले निम्न र उपल्लो वर्ग भनेर छुट्याएको छ । फिल्मले सबै वर्गलाई प्रतिनिधित्व गर्छ । अहिलेको राजनीतिक अवस्थाको पनि यसमा चित्रण छ,' उनी अगाडि भन्छिन्, 'फिल्मले राजनीति, परिवार र प्रेमको कुरालाई बलियो गरी देखाएको छ ।'

२० बढी फिल्ममा काम गरिसकेकी वर्षा सबैभन्दा सन्तुष्टि भने 'छक्का पञ्जा ५'बाट मिलेको बताउँछिन् । 'मैले गरेका फिल्ममध्ये अलि प्रोत्साहन पाएको 'छक्का पन्जा ५'बाट हो । त्यो किसिमको सपोर्ट अहिलेसम्म पाएको थिइनँ । राम्रो काम गर्नुहुँदो रहेछ भनेर प्रतिक्रिया आएको पनि 'छक्का पन्जा ५'बाट नै हो । 'माग्ने राजा'मा मैले त्योभन्दा केही फरक गरेको छु जस्तो लाग्छ,' उनी भन्छिन् ।

# शनाया कपूरको डेब्यु फिल्मको विजोग, तीन दिनमा एक करोड कमाइ

काठमाडौं/'स्टार किड्स' शनाया कपूरको डेब्यु बलिउड फिल्म 'आँखों की गुस्ताखियाँ' फ्लप भएको छ । गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्मले तीन दिनमा जम्मा १ करोड २ लाख कमाएको छ । ३० लाखको निराशाजनक ओपनिङ गरेको फिल्मले शनिबार ४९ लाख र आइतबार ४१ लाख कमाइ गऱ्यो । सोमबार फिल्मको अकुपेन्सी १० प्रतिशतभन्दा तल रहेको भारतीय मिडियाले जनाएका छन् ।




२५ करोडमा बनेको फिल्मको आइतबारसम्मको कमाइ हेर्दा प्रचारको पैसा (५ करोड) समेत नउठ्ने देखिन्छ । फिल्मलाई समीक्षा पनि राम्रो प्राप्त भएको छैन । इन्डियन एक्सप्रेसले 'लेखनमा असफल फिल्म' भन्दै २ रेटिङ दिएको छ । कोइमोइ, जागरण जस्ता पोर्टलले पनि लेखनमै कमजोरी औंल्याएका छन् । यद्यपि, शनाया कपूरको अभिनयको भने समीक्षकहरुले प्रशंसा गरेको देखिन्छ ।

तर, दर्शकहरुबाट शनायाको अभिनयलाई लिएर मिश्रित प्रतिक्रिया मिलेको छ । कतिले उनको अभिनयलाई कमजोर भनेका छन् भने कतिले डेब्युको हिसाबले राम्रो प्रयास गरेको बताएका छन् । फिल्म रिलिजपछि शनाया ट्रोलको शिकार पनि भइरहेकी छन् । 'नेपो किड'को समूहमा स्वागत छ' भन्दै उनीमाथि व्यापक ट्रोल बनेका छन् । शनाया बलिउड अभिनेता सञ्जय कपूरकी छोरी हुन् ।

शनायाको सन् २०२३ मा 'बेधडक'बाट बलिउड डेब्यु तय भएको थियो । तर, यो फिल्म निर्माण हुनै सकेन । यसपछि 'आँखों की गुस्ताखियाँ'बाट डेब्युको अवसर पाएकी उनलाई पहिलो गाँसमै ढुंगा लागेको छ । यो फिल्मको असफलताले उनको करिअरलाई नै संकटमा पार्न सक्ने विश्लेषण भइरहेको छ। यसमा उनको जोडी 'ट्वेल्थ फेल'बाट चर्चामा आएका विक्रान्त मेसीसँग बाँधिएको छ ।

# जेलभित्रै ठगी, जोडिए ठगीमै सजाय काटिरहेका व्यक्ति

काठमाडौं/अचेल कारागारहरूलाई सुधार गृहका रूपमा परिणत गर्ने सरकारी अवधारणा छ । यद्यपि, कारागारमा बसेर छुटेलगत्तै व्यक्तिहरू अपराधमा संलग्न भइरहेका छन् । सामान्य कसुरमा सजाय भोग्न गएकाहरू झन् गम्भीर प्रकरणमा समातिएका उदाहरण छन् । छुटेपछि अपराध कर्ममा संलग्न हुने प्रवृत्ति त छँदैछ, कारागारभित्रै समेत कैदीबन्दीले एकअर्कालाई ठगी गर्ने गरेको पनि फेला परेको छ ।




सामान्यत: असल चालचलन भएका कैदीलाई कैद छुट सुविधा हुने भएकाले हम्मेसी उनीहरूले कारागारमा छँदा गलत काम गर्दैनन् भन्ने ठानिन्छ । तर, केन्द्रीय कारागार, सुन्धाराको थुनामा बसेका बेला राजेश विकलाई त्यहाँका कैद सजाय काटिरहेका दिनेश सिंह नामक व्यक्तिले ठगी गरेको पाइएको छ । उनी स्वयं ठगीसम्बन्धी कसुरमा कारागार पुगेका व्यक्ति हुन् । केन्द्रीय कारागारको रेकर्डअनुसार, उनी १५ कात्तिक २०८० देखि कारागारमा छन् । पीडित विकले ठगिएको महसुस गरेपछि जिल्ला प्रहरी परिसर, काठमाडौं अन्तर्गतको प्रहरी वृत्त, गौशालामा जाहेरी दिएका थिए । र, प्रहरीले उनी ठगिएको निष्कर्षसहित ठगीसम्बन्धी कसुरमा कारबाही गर्नुपर्ने रायसहितको अनुसन्धान प्रतिवेदन सरकारी वकिललाई बुझाएको छ ।

सरकारी वकिलले त्यसको आधारमा जिल्ला अदालत, काठमाडौंमा मुद्दा दर्ता समेत गरिसकेको छ । यद्यपि, अहिले सिंहका साथी मीनबहादुरलाई मात्र प्रतिवादी बनाइएको छ । 'अहिले उनीविरुद्ध मात्र जाहेरी आएकाले एकजनालाई मात्र प्रतिवादी बनायौं,' काठमाडौं प्रहरीका एक अधिकृतले संचारकर्मीसँग भने, 'पछि खुलेका बेला अरूलाई पनि प्रतिवादी बनाउन सक्नेगरी अभियोगपत्रमा ठाउँ राखिएको छ ।'

### बाख्रा पालनको अनुदान मिलाइदिने भन्दै ठगी

प्रहरीका अनुसार, पीडित भनिएका राजेश विक केन्द्रीय कारागार, सुन्धारमा रहेका बेला अर्का आरोपित दिनेश सिंहसँग भेट भएको थियो । कारागारभित्र भेट भएर कुराकानी हुने क्रममा उनले विकासलाई बाख्रा पालनका लागि अनुदान मिलाइदिने भनेका थिए ।

विकले कृषि गर्ने योजना रहेको बताएपछि उनले त्यससम्बन्धी सहयोग गर्ने मान्छे रहेको बताएका थिए । 'तर, बाख्रा पालन अनुदानका लागि पहिले केही रकम चाहिन्छ भन्दै मलाई विभिन्न प्रलोभनमा पारेर पैसा मागिएको थियो,' विकले प्रहरी वृत्त, गौशालाका अधिकारीहरूसँग भनेका छन्, 'उसले मेरो बाहिर काम गर्ने एक व्यक्ति छ, उसले नै सम्पूर्ण काम गरिदिन्छ भनेको थियो ।' कारागारभित्र भेटिएका उनले बताएको कुरा आफूले पत्याएको र बाहिर रहेका भाइ गोवर्द्धन चुनारालाई रकम हाल्न लगाएको उनले भनेका छन् ।

'भाइलाई घटनाबारे केही जानकारी नगराई पैसा हाल्न लगाएपछि सिंहले भनेअनुसार बाहिर काम गरिदिन्छ भन्ने व्यक्ति मीनबहादुर सिंहले रकम बुझेका थिए,' उनले भनेका छन्, 'सिंहले पाउने गरी पहिलो पटक मनी ट्रासन्फर आईएमईबाट नगद १ लाख रुपैयाँ र दोस्रो पटक ईसेवाबाट नगद ५० हजार रुपैयाँ गरी जम्मा १ लाख ५० हजार रुपैयाँ हालिदिएका थियौं ।' तर, रकम बुझाएको लामो समयसम्म पनि काम नभएपछि उनले आफू ठगिएको महसुस गरेका थिए । पछि सम्पर्क गर्न खोज्दा उनको फोन पनि स्वीच्ड अफ आयो भने अन्य कुनै माध्यमबाट सम्पर्क भएन । त्यसपछि विक प्रहरी वृत्त, गौशालामा उजुरी लिएर पुगेका थिए ।

प्रहरीका अनुसार, विकले पैसा पठाएको भौचर, बैंक स्टेटमेन्ट लगायतका विवरणसमेत संकलन गरेर बुझाइएको छ ।

प्रस्तुत विवरणहरूबाट विक ठगिएको पुष्टि हुने भन्दै सरकारी वकिलले मुलुकी अपराध संहिता, २०७४ को ठगीसम्बन्धी कसुरमा मुद्दा दर्ता गरेको छ । अपराध संहिताको दफा २४९ को उपदफा (ग) मा यसरी ठगी गर्नेलाई ७ वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिबाना हुनसक्ने भनिएको छ । साथै, सिंहबाट १ लाख ५० हजार रुपैयाँ क्षतिपूर्ति स्वरूप भराउन समेत मागदाबी गरिएको छ ।

हालसम्म सिंह फरार छन् । प्रहरीले उनको खोजी भइरहेको जनाएको छ । विगतमा कारागारभित्र भएका ठगीका केही घटना सतहमा आउने गरेका थिए । २०७८ सालमा गठित एउटा छानबिन समितिले ललितपुरको नख्खु कारागारमा कैदीबन्दीका लागि राखिएका टेलिफोनमा दोब्बर, तेब्बरसम्म शूल्क लिएर ठगी गर्ने गरेको खुलेको थियो । जेलभित्र कैदीबन्दीका लागि उपलब्ध टेलिफोन आन्तरिक प्रशासनको टेलिफोन नाइकेमार्फत सञ्चालन हुन्छ । त्यसको दुरुपयोग गर्दै कारागारभित्र असुली हुने गरेको खुलेको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# नेपालमै पहिलोपटक विना सर्जरी मस्तिष्कघातको उपचार

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ नेपालमै पहिलोपटक घाँटीबाट सुई प्रविष्ट गराई दिमागको नसा खोलेर एक बिरामीको मस्किष्तघातको उपचार गरिएको छ ।

पाटन अस्पतालमा गरिएको उपचार नयाँप्रविधि न्यूरो इन्टरभेन्सनमार्फत् गरिएको हो, जुन सर्जरीविना गरिन्छ । यो प्रविधामा शरीरको कुनै भाग हात, खुट्टा वा घाँटीबाट सानो तार र क्याथेटर प्रविष्ट गराई दिमागको समस्या भएको भागमा पुगेर उपचार गरिन्छ । 'यो केसमा बिरामीको नसा बन्द भएको थियो, त्यसलाई घाँटीबाट सीधा तार पठाएर खोलेर जाम हटाइएको हो,' न्यूरो इन्टरभेन्सन विशेषज्ञ डा. अरुण पौडेलले बताए । न्यूरो इन्टरभेन्सन विधि प्रयोग गरी सर्जरी नगरी गरिएको मस्तिष्कमा जमेको रगतको भागमा भ्याकुम वा फिल्ली प्रविधिको सहायताले अवरुद्ध रक्तसञ्चार पुन: सुचारु गरिन्छ ।



यस्तो विधिबाट मस्तिष्कमा फुटेको रगत भएमा त्यसलाई निकाल्न, वा रगत जमेको भए त्यसलाई हटाउन सकिन्छ । ती बिरामी ४२ वर्षीय पुरुष थिए । उनी लक्षण देखिएको १२ घण्टाभित्रै अस्पताल आइपुगेका थिए । उपचारमा संलग्न डा. पौडेलका अनुसार ती बिरामी दायाँतर्फको हातखुट्टा नै नचल्ने अवस्थामा आइपुगेका थिए । ती बिरामी तीन हप्ताअघि पाटन पुगेका थिए । दुई दिनमा ती बिरामीको डिस्चार्ज गरिएको थियो । 'मस्तिष्कघात भएका बिरामीको उपचार २४ घण्टाभित्र गर्दा नतिजा राम्रो निस्किन्छ । त्यसपछि गर्दा परिणाम दिँदैन,' उनले भने, 'बिरामी समयमै आइपुगेकाले पारालाइसिस हुनबाट बचाउन सफल भयौं ।'

नेपालमा घाँटीबाट गरिने यस्तो न्युरो इन्टरभेन्सन उपचार यो पहिलोपटक हो । बिरामीको घाँटीबाट सानो तार र क्याथेटर प्रविष्ट गरेर दिमागको बन्द नसा खोलिएको हो । यो प्रविधि न्युरो इन्टरभेन्सन अन्तर्गत पर्दछ, जुन सर्जरी विना गरिने नयाँ उपचार प्रविधि हो । 'यो उपचार घाँटीबाट तार र क्याथेटर पठाएर गरियो,' डा. पौडेलले भने, 'यो प्रक्रिया हात वा खुट्टाबाट पनि गर्न सकिन्छ तर, त्यो अप्ठ्यारो र ढिलो हुनसक्छ ।' चिकित्सकका अनुसार कहिलेकाहीं खुट्टाबाट तार पठाउँदा नसा बाङ्गोटिङ्गो भएकाले लक्ष्यसम्म पुग्न कठिन हुन्छ ।

'खुट्टाबाट गर्दा नसामा पुग्न गाह्रो, उपकरण बढी प्रयोग गर्नुपर्ने, समय बढी लाग्ने र खर्च पनि धेरै पर्ने अवस्था आउँछ' उनले भने, 'घाँटीबाट गर्दा ती सबै चुनौती हट्छन्, छिटो हुन्छ र खर्च पनि कम हुन्छ ।' चिकित्सकका अनुसार हातखुट्टाबाट उपचार सम्भव नभएको खण्डमा घाँटीबाट सानो तार पठाएर उपचार गरिन्छ । डा. पौडेलले भारतको एम्स, नयाँदिल्लीबाट डीएम न्यूरो इन्टरभेन्सनको तीनवर्षे विशेष तालिम लिएर फर्किएका हुन् र पछिल्लो एक वर्षदेखि पाटन अस्पतालमा कार्यरत छन् । उनका अनुसार यो प्रविधि महँगो उपकरण, सशक्त टिम र विशेष तालिमविना सम्भव छैन ।

# सामुदायिक विद्यालयलाई विद्यालय बस हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ हेटौंडा उपमहानगरपालिकाले एक सामुदायिक विद्यालयलाई पहिलो विद्यालय बस हस्तान्तरण गरेको छ ।

उपमहानगरपालिकाले पहिलोपटक हेटौंडा-६ बारुतेमा रहेको श्रीकृष्ण आधारभूत विद्यालयलाई विद्यालय बस हस्तान्तरण गरेको हो । हेटौंडा उपमहानगरका कार्यवाहक प्रमुख राजेश बानियाँले विद्यालयलाई बस हस्तान्तरण गरेका हुन् । कार्यक्रममा प्रमुखअतिथि बानियाँले हेटौंडा उपमहानगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि पहिलोपटक श्रीकृष्ण आधारभूत विद्यालयलाई बस हस्तान्तरण गरेको बताए । उनले दोस्रो बस हेटौंडा-९ मा रहेको प्रगति माविलाई हस्तान्तरण गरिने बताए । उपमहानगरले आव २०८१/८२ मा विद्यालय बसका लागि करिब २६ लाख ५० हजार रुपैयाँ बजेट उपलब्ध गराएको हो ।

कावा नगरप्रमुख बानियाँले पूर्वाधारका साथै शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक र विद्यार्थीको सामूहिक प्रयासमा जोड दिए । कार्यवाहक प्रमुख बानियाँ र पत्रकार रुपेश दुलाललाई सम्मान गरिएको कार्यक्रममा हेटौंडा-६ का वडासदस्य लेखराज ढकाल, विद्यालयका प्रधानाध्यापक मन्दिरा घिमिरे, सहायक प्रधानाध्यापक दीपककुमार थापा, विद्यालय व्यवस्थापन समिति, सल्लाहकार, शिक्षक, विद्यार्थी, अभिभावकलगायतको उपस्थिति रहेको थियो ।

# करछुटको कानुनी व्यवस्था गर्न माग

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल, बागमती प्रदेश महासंघले उपभोक्ता संस्थालाई कर छुट हुने कानुनी व्यवस्था मिलाउन संघीय सरकारसँग माग गरेको छ ।

सोमबार महासंघले बागमती प्रदेशको मुख्यमन्त्रीमार्फत प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको छ । महासंघका अध्यक्ष बद्रीप्रसाद देवकोटाको नेतृत्वको टोलीले प्रदेशका कृषि तथा पशुपन्क्षी विकासमन्त्री प्रकाश श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको हो । महासंघले ज्ञापनपत्र बुझाउँदै करछुटको कानुनीआधार सुनिश्चित गर्न आग्रह गरेको हो । विगतमा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्यअनुरुप आर्जन गरेको रकममा करछुट हुने व्यवस्था भएपनि आर्थिक विधेयक २०८१ को दफा ३६(२) मार्फत् करछुट हुने व्यवस्था हटाएकोमा महासंघले आपत्ती जनाएको हो । खानेपानी जस्तो मौलिकहकको वस्तुमा कर लगाउने कार्य निन्दीय भएको महासंघका अध्यक्ष देवकोटाले बताए ।

हालको कानुनी व्यवस्थाका कारण देशभरिका हजारौं खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको सेवा प्रभावित भएको र उपभोक्ताले प्रत्यक्ष असर भोग्नुपरेको जनाइएको छ । ज्ञापनपत्रमा नेपाल सरकार, संघीय संसद्, राष्ट्रिय मानवअधिकार आयोग, नागरिकसमाज र सञ्चार कर्मीसमक्ष माग पुऱ्याउन महासंघले पहल गरिरहेको जनाइएको छ । ज्ञापनपत्र बुझ्दै मन्त्री श्रेष्ठले महासंघको मागप्रति आफू सकारात्मक रहेको बताए । आगामी मन्त्रीपरिषद् बैठकमा महासंघको मागलाई लैजाने उनले आश्वासन दिएका छन् ।

मन्त्री श्रेष्ठले उपभोक्ता समितिहरु पनि अनुशासित हुनुपर्ने बताए । उपभोक्तालाई स्वच्छ र सफा खानेपानी वितरण गर्न समिति जिम्मेवार बन्नुपर्ने उनको भनाई छ । मन्त्री श्रेष्ठले खानेपानीको क्षेत्रमा प्रदेश सरकारले पर्याप्त लगानी गरेको बताए । महासंघले यस विषयमा संघीय सरकारले चाँडो कानुनी प्रष्टता दिनुपर्ने माग गर्दै आगामी नीति तथा कार्यक्रम र बजेटमा समेत यसको व्यवस्था समेट्न आह्वान गरेको छ ।

महासंघका अनुसार सन् २०१० को जुलाई २८ मा राष्ट्रसंघको महासभाले पारित गरेको 'खानेपानी तथा सरसफाइसम्बन्धी मानवअधिकार' प्रस्ताव नेपालले पनि समर्थन गरेको र नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई सुरक्षित तथा पिउनयोग्य खानेपानी प्राप्त गर्ने अधिकार सुनिश्चित गरेकाले यो व्यवस्था संविधान र अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार हो ।

# अत्याधिक भारी बोक्ने ट्रकलाई कारवाही गर्न पत्राचार

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ यातायात व्यवस्था विभागले क्षमताभन्दा धेरै लोड बोक्ने मालवाहक सवारी साधनलाई कारबाही गर्न परिपत्र गरेको छ । विभागले असार १२ गते सबै जिल्ला प्रशासन कार्यालयलाई सम्बोधन गरेर धेरै भारवहन गर्ने मालवाहक सवारीलाई नियमन गर्न भनेको हो ।

पछिल्ला दिनमा मालवाहक सवारीसाधनले क्षमताभन्दा बढी भारवहन गरेका कारण पुल भत्किने, सडकको अवस्था बिग्रने तथा दुर्घटनाको दर बढेका कारण मालवाहक सवारीसाधनको कडाइका साथ अनुगमन गर्न विभागले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको हो । पत्रको बोधार्थ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ र नेपाल ट्रक व्यवसायी महासंघलाई दिएको यातायात ब्यवसायीले बताएका छन् । सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६ (३) अनुसार सवारीदर्ताको प्रमाण पत्रमा सवारीको कुल वजन (जीभीडब्लू/जीसीडब्लू), भारवहन क्षमता र भाररहित वजन छुट्टाछुट्टै रुपमा स्पष्ट हुनेगरी उल्लेख गर्नुपर्ने व्यवस्था छ ।

मालवाहक सवारीको भारवहन नियमनसम्बन्धी निर्देशिका २०७४ (संशोधन) समेतमा सडकमा सञ्चालन हुने मालवाहक सवारीले कुलवजन (वहन गरेको भार) खुल्ने लोडसिट वा आधिकारिक प्रमाण साथमा लिएर सञ्चालन गर्नुपर्ने, सम्बन्धित निकायले सवारी अनुगमन गर्दा यस्तो प्रमाणको आधारमा नियमन गर्न सक्ने, भार वहन अनुगमन तथा नियन्त्रण गर्ने निकायले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सञ्चालन गरेको तौलपुलसमेतको प्रयोग गर्न सक्ने व्यवस्था रहेको विभागले उल्लेख गरेको छ । जाँच गरेर क्षमताभन्दा धेरै लोड बोक्ने मालवाहक सवारीलाई कारबाही गर्न विभागले भनेको छ ।

मालबाहक ट्रकले क्षमताभन्दा धेरै लोड बोक्दा पुल भाँचिने, सडक भत्किने क्रम बढेकाले हरेक जिल्ला प्रशासन कार्यालयले आफ्नो जिल्लामा रहेका सम्पूर्ण नियमनकारी निकायलाई निर्देशन तथा समन्वय गरेर त्यस्ता ट्रकको कडा निमयन गर्न भनिएको छ । टुक्राउन नमिल्ने सामान बोकेको कारण क्षमताभन्दा बढी तौल हुनजाने सवारीले भारवहन नियमनसम्बन्धी निर्देशिका २०७४ को बुँदा १०(२) अनुसारको पूर्वस्वीकृति लिइएको यकिन गरेरमात्र सञ्चालन गर्नदिन विभागले भनेको छ । अन्यको हकमा बुँदा ९ तथा १० को १ मा व्यवस्था भएअनुसार प्रचलित कानूनअनुसारको जरिवाना र भारसमेत मिलान गरेरमात्र सवारी सञ्चालन गर्न दिने व्यवस्था गर्न विभागले सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेको हो ।

यातायात व्यवस्था विभागले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ र यातायात व्यवस्था नियमावली २०५४ ले दिएको अधिकार प्रयोग गरेर भारवहन निर्देशिका २०७४ जारी गरेको थियो । निर्देशिकाको अनुसूची १ मा एक्सलअनुसार कति लोड बोक्न पाइने भन्ने व्यवस्था रहेको छ । अनुसूचीको व्याख्यामा कुल सवारी वजनसम्बन्धी विशेष सीमाहरुमा कुनै मालवाहक सवारीको कुल अधिकतम एक्सल लोड वा कुल सवारीवजन निर्धारणको लागि अनुसूची १ लाई आधार मानिनेछ तर, नेपालमा सञ्चालन हुने रिजिड ट्रकको हकमा कुल वजन ३६ मेट्रिकटन र ट्रेलर वा सेमी ट्रेलरको हकमा कुल वजन ४९ मेट्रिकटन भन्दा बढी हुनुहुँदैन भन्ने उल्लेख छ ।

चिनियाँ कमर्सियल सवारी उत्पादक कम्पनी सिनो ट्रकका ट्रेलर तथा ट्रकहरु नेपालमा अधिक भारवहन क्षमतामा बिक्री गर्दै आइरहेको छ । आधिकारिक बिक्रेताका रुपमा स्पार्क अटोमोटिभ प्रालिले सिनो ट्रक नेपालमा बिक्री गर्दै आएको छ । स्पार्क अटोमोटिभले कानूनले तोकेभन्दा धेरै भारवहन क्षमताका ट्रक निर्बाधरुपमा नेपालमा बिक्री गरिरहेको छ ।

सरकारले सडकको क्षमता नबिग्रियोस् भनेर ठूला ट्रक तथा ट्रेलरले बोक्न पाउने लोडको सीमा तय गरेको हो । सीमाभन्दा बढी लोड बोक्दा सडकको संरचना बिग्रिने भएकाले नै सरकारले यस्तो मापदण्ड बनाएको हो । हरेक देशले आफ्नो देशमा बनेका सडकमा निश्चित भारबोक्न सवारीसाधन गुडाउन पाउनेगरी मापदण्ड तयार पारेर कार्यान्वनयमा ल्याएका हुन्छन् ।

स्पष्ट कानूनी व्यवस्था हुँदाहुँदै स्पार्क अटोमोटिभले सिनो ट्रकका ट्रेलर तथा ट्रकहरुको जीभीडब्लू ६५ टनसम्म रहेको उल्लेख गरेर बिक्री गरिरहेको यातायात व्यवसायीहरुले बताएका छन् । नेपालको यातायात व्यवस्था ऐनअन्तर्गतका भारवहनसम्बन्धी मापदण्डअनुसार गाडी डीभीडब्लू जतिसुकै उल्लेख गरेपनि त्यसले लोड बोक्ने क्षमता निश्चित गरिएको छ । सिनोले रिजिड ट्रक तथा ट्रेलरले मापदण्डभन्दा बढी भारवहन क्षमता राखेर बिक्री गरिरहेको पाइएको छ । विभागले पटकपटक क्षमताभन्दा बढी लोड बोक्ने ट्रकलाई कारबाही गर्ने चेतावनी दिँदै आएको छ ।

# निजगढ विमानस्थललाई टीआइएको विकल्पमा निर्माण गर्ने योजना

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/संस्कृति, पर्यटन तथा नागरिक उययनमन्त्री बद्रीप्रसाद पाण्डेले काठमाडौंस्थित त्रिभूवन अन्तरर्राष्ट्रिय विमानस्थलको चाप अत्याधिक बढेकाले वैकल्पिक विमानस्थलको उपयोगलाई सरकारले प्राथमिकतामा राखेको बताएका छन् ।

प्रतिनिधि सभाको सोमवारको बैठकमा मन्त्रालयगत प्रश्नोत्तर कार्यक्रममा मन्त्री पाण्डेले त्रिभूवन विमानस्थलको वार्षिक क्षमता ४५ लाख यात्रुको भएपनि यस आर्थिक वर्षमा ९५ लाख यात्रु ओहोरदोहोर भएको जानकारी दिए । उनले त्रिभूवन विमानस्थलमा रहेको यात्रुको चाप पोखरा र भैरहवातिर स्थानान्तरण गर्नुपर्ने आवश्यकता रहेको बताए । 'हामीले पर्यटनक्षेत्रलाई नेपालको एउटा प्रमुख स्वरोजगारको क्षेत्र र अर्थतन्त्रलाई योगदान पुऱ्याउने क्षेत्रको रुपमा लिइरहेका छौं । तीनवटा विमानस्थलहरु बनिसकेका छन् । काठमाडौं विमानस्थलको चाप विमानस्थलले धान्नसक्ने क्षमता वार्षिक ४५ लाख यात्रु हो । तर, यसवर्ष हामीले ९५ लाख यात्रुहरु ओहोरदोहोर गरायौं ।

त्यसैले यसको चापलाई हामीले बाहिर लिएर जानुपर्नेछ । पोखरा र भैरहवातिर लिएर जानुपर्नेछ' मन्त्री पाण्डेले भने, 'त्यति मात्र होइन निजगढ विमानस्थल काठमाडौंदेखि फास्टट्रयाक पुरक विमानस्थल योजनाकै रुपमा अगाडि सारिएको हो । निजगढ विमानस्थल बनाउनुपर्ने कार्यभार पनि हाम्रो काँधमा छ । यसपटकको नीति तथा कार्यक्रम र बजेटले यो विमानस्थलको मोडालिटी तयार गर्ने भनिएको छ । थुप्रै मानिसलाई देशभित्र भित्र्याउनुपर्ने नेपालको प्रकृति, संस्कृति देखाउनका लागि विमानस्थल बनाएर गल्ति भएको छैन । यसलाई सञ्चालनमा तदारुकता देखाउनुपर्नेछ ।'

उनले निजगढ अन्तरर्राष्ट्रिय विमानस्थललाई काठमाडौं फास्ट ट्रयाकसँग जोडिएको विकल्पको रुपमा अघि सारिएको उल्लेख गर्दै यसको मोडालिटी तय गर्न बजेटको व्यवस्था गरिएको बताए । मन्त्री पाण्डेले पर्यटन क्षेत्रलाई नेपालको प्रमुख स्वरोजगार र अर्थतन्त्रमा योगदान दिने क्षेत्रको रुपमा विकास गर्नुपर्ने आवश्यकता रहेको बताए । नेपालको प्रकृति र संस्कृतिलाई विश्वसामु चिनाउन विमानस्थल निर्माण गरिएको दाबी गर्दै उनले विमानस्थल तादरुकताका सञ्चालन गर्नुपर्ने बताएका छन् ।

# बुढ्यौलीले बर्दिबासमा मनायो भानुजयन्ती

साझाकुरा संवाददाता

हेटौंडा, ३० असार/ बुढ्यौली साहित्य समाज महोत्तरीको आयोजनामा जनता माध्यमिक विद्यालय बर्दिबासको सभाकक्षमा २१२ औं भानुजयन्ती मनाइएको छ ।

यस अवसरमा भानुको तस्बिरमा माल्यार्पण गरी कार्यक्रमको उद्घाटन गरिएको थियो । कार्यक्रममा बुढ्यौली साहित्य समाज मधेश प्रदेश अध्यक्ष लम्बोदर काफ्ले, सचिव रामचन्द्र पौडेलका साथै महोत्तरी, धनुषा तथा सर्लाहीका साहित्यकार प्रेम घिमिरे, राजेश्वरी काफ्ले, दिनेश गरिब पौडेल, नारायण घिमिरे, उद्धव अविचल, गणेश घिमिरे, बिपिराज दाहाल, निरप्रसाद शर्मा, गणेश तिमल्सिना, रमेश बस्नेत, वीणा हमाल, भारतीय कवि मो. कमरुद्दिन नदाफले आआफ्ना कविता, गीत, गजल प्रस्तुत गरेका थिए ।

यसैगरी रचनावाचन गर्नेहरुमा नारायण खड्का, अम्बिका दाहाल, बोधराज दहाल, नेत्र रम्तेल, प्रकृति पाण्डे लगायत थिए । कार्यक्रमको प्रमुखअतिथि रमेश मोहन अधिकारी, पत्रकार गोपाल बराल, विद्यालयका प्रधानाध्यापक तोप बहादुर ठकुरीले भानुभक्तको व्यक्तित्व र कृतित्वका वारेमा प्रकाश पारेका थिए ।

बुढ्यौली साहित्य समाज महोत्तरीका सदस्य मोहन गिरीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव नारद काफ्लेले र सभाध्यक्षता अध्यक्ष लालबाबु पोखरेलले गरेका थिए ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८२/०३/३० मा जारी भएको छुट जग्गा दर्ता तथा दा.खा.को

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

*निवेदक- बालकृष्ण राई र कुल बहादुर राई (भाइ)* *जग्गावाला-सोम बहादुर राई (दाजु)*

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. ६ को तपशिल बमोजिमका जग्गाको साविक भोग लगत बागदाही मौजाको रैति नं. ३ को रैति हाम्रो दाजू सोम बहादुर राईको नाममा कायम रहेको र हाल सर्वे नाप नक्सा समेत सोमे राईको नाममा भई दर्ता गर्न छुट भएकोमा निज हाम्रो दाजू सोम बहादुर राईको मिति २०५०/०७/२५ मा मृत्यु भइसकेको र निजको हकखाने निजको एक मात्र पत्नि लाटी राई भएकोमा कुनै पनि सन्तानको जायजन्म नभई दोस्रो विवाह गरी अन्यत्र गईसकेकोमा निजको हकखाने निजका बुवा मनिराज राई र आमा भुसुनी राई तथा हजुरबा-हजुरआमा समेत २०३४ साल अगावै मृत्यु भईसकेको र निज जग्गावाला सोम बहादुर राईको बुवा आमाबाट जायजन्म भएको तीन भाइ छोराहरु जग्गाधनि सोम बहादुर राई-१ तथा निवेदकहरु बालकृष्ण राई-१ र कुल बहादुर राई-१ मात्र भएकोमा जग्गावाला सोम बहादुर राईको मृत्यु अगाडिको पालनपोषण र मृत्यु पछाडीको सदगद तथा सामाजिक परमपरा अनुसारका काजकृया समेत भाइहरु बालकृष्ण राई र कुल बहादुर राईले नै गरेको र उल्लेखित तपशिलका जग्गा जग्गावालाको मृत्यु अगाडी निजले नै र मृत्यु पछाडी निवेदक भाइहरुले नै जोतभोग तथा हकभोग साविकदेखि हालसम्म निरन्तर रुपमा गर्दै आएकोले उल्लेखित जग्गावाला सोम बहादुर राईको हकखाने तथा व्यहोर्ने हामी निवेदकहरु बालकृष्ण राई र कुल बहादुर राई मात्र भएकोले हाम्रो नाममा संयुक्त छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि बागमति गाउँपालिका ८ नम्बर वडा कार्यालयको च.नं. ६७३ मिति २०८०/१२/१५ को हकदार खुलेको सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, च.नं. ६७४ मिति २०८०/१२/१५ को हकभोग तथा भोगचलन गरेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, मृत्यु प्रमाणित सिफारिस तथा मृत्यु दर्ता प्रमाणपत्र, नागरिकता प्रमाणपत्रहरु, च.नं. ३१५० मिति २०८१/१२/२७ को जग्गावालाको नाम सोमे राई र सोम बहादुर राई फरक-फरक नाम भएको व्यक्ति फरक नभई एकै व्यक्ति जग्गावाला सोमे राई नै भएको किटानी सिफारिस पत्र, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी द.नं.४० मिति २०८०/१२/२७ मा मागदावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत: तल उल्लेखित तपशिलका जग्गा निवेदकहरुको नाममा छुट जग्गा दर्ता, नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकहरुका माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जंगल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपशिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गा.वि.स./नपा | वडा नं. | कित्ता नं. | क्षेत्रफल ज.वि. | कैफियत/निवेदक | |
| १ | सोमे राई<br>पं. फापरबारी वडा नं ६<br>बाबु-मनीराज<br>बाजे-पुर्के | फापरबारी | ६ | ६८८<br>६७८<br>७०९ | १-२-९<br>०-१७-६<br>०-१०-११ | बाल कृष्ण राई र कुल बहादुर राई | जि.म. फापरबारी पं. बागदाही मौजा ३ नं. रैति सोम बहादुर राई |

*ईति संवत २०८२ साल अषाढ महिनाको ३० गते रोज २ शुभम्..................।*




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना